प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्,
स्तर निर्धारण तथा सम्बन्धन महाशाखा
**सानोठिमी, भक्तपुरको**

## प्रमाण-पत्र/डिप्लोमा तहका कार्यक्रम सञ्चालन गर्न प्रस्ताव पेश गर्ने शिक्षण संस्थाहरुका लागि जरुरी सूचना !

प्रकाशित मिति २०८१/०२ /३०

**प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्बाट मिति २०८१/०२/२४ गते परिषद्को Website मा प्रकाशित सूचनामा, परिषद्मा रहेको अभिलेखका आधारमा परिषद्बाट मिति २०६९/०२/२९ गते तथा तत्पश्चात विभिन्न मितिमा प्रकाशित सूचना बमोजिम प्रमाण-पत्र तथा डिप्लोमा तहका कार्यक्रम सञ्चालनको लागि प्रस्तावना आह्वान गरे अनुसार प्रस्तावना पेश गर्ने प्रस्तावित शिक्षण संस्था तथा कार्यक्रमहरुको संशोधित विवरण सहितको सूची सम्बन्धित सबैको जानकारीको लागि पुनः प्रकाशित गरिएको छ । प्रकाशित विवरणमा फरक परेमा वा छुट हुन गएमा परिषद् कार्यालयमा रहेको अभिलेखका आधारमा संशोधन गर्न सकिनेछ। कसैको प्रस्तावित शिक्षण संस्थाको नाम, कार्यक्रम छुट वा फरक पर्न गएको भए यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र स-प्रमाण संशोधनका लागि निवेदन दिनुहुन समेत सूचित गरिन्छ। तोकिएको समयभित्र निवेदन पेश नगर्ने प्रस्तावित शिक्षण संस्था वा कार्यक्रम उपर कार्यवाही नहुने व्यहोरा समेत परिषद् कार्यालयको मिति २०८१/०२/३० को निर्णयानुसार सरोकारवाला सबैलाई जानकारी गराइन्छ। उक्त अवधि भित्र संलग्न सुचिमा छुट हुन गएका संस्थाहरुको सकल प्रमाण सहित सम्पर्क नगरेमा उक्त संस्थाहरु यसै सूचनाद्वारा रद्ध गरिने व्यहोरा जानकारी गराईन्छ।**

सम्पर्कका लागि
प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
सानोठिमी भक्तपुर। फोन नं. ०१-६६३०४०८